# भोक्राहा नरसिंह गाउँपालिका

## प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि, २०७९

| |
|---|
| गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०४/२० |

भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिरौली , सुनसरी

# प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि, २०७९

प्रस्तावना

यस गाउँपालिकाभित्र प्राविधिक कर्मचारीहरु योजनास्थलमै जानुपर्ने गरी सञ्चालित हुने विकास योजना तथा कार्यक्रममा हुने प्राविधिक कर्मचारीले प्राप्त गर्ने सुविधालाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी भोक्राहा नरसिंह गाउँकार्यपालिकाले यो प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधी, २०७९ जारी गरेको छ ।

## परिच्छेद – १

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधीको नाम "प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि, २०७९" रहेको छ।

(ख) यो कार्यविधी तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भोक्राहा नरसिंह गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ख) "योजना" भन्नाले गाउँपालिकाभित्र सञ्चालित योजना तथा आयोजनाहरु सम्झनुपर्छ ।

(ग) "कार्यालय" भन्नाले भोक्राहा नरसिंह गाउकार्यंपालिकाको कार्यालय सम्झनुपर्छ।

(घ) "समिति" भन्नाले उपभोक्ता समिति भन्ने सम्झनुपर्छ।

(ङ)"प्राविधिक कर्मचारी" भन्नाले योजना हेर्ने गरी तोकिएको प्राविधिक कर्मचारी भनी सम्झनुपर्छ।

(च)"अधिकृतस्तर" भन्नाले राजपत्राङ्कित तथा सहायकस्तर भन्नाले राजपत्रअनंकित कर्मचारीलाई सम्झनुपर्छ ।

अजमल अख्तर अजाद
अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका

परिच्छेद-२

३. फिल्ड आदेश स्वीकृत गर्नुपर्ने

यस कार्यविधि बमोजिम योजनाको लगत ईस्टिमेट तयार गर्न, रनिङ बिल तयार गर्न, अनुगमन गर्न, कार्यसम्पादन स्तर जाँच गर्न वा कार्यसम्पन्न प्रतिवेदन तयार गर्न वा योजना सम्पन्न भै सकेपश्चात जुनसुकै अवस्थामा प्राविधिक कर्मचारी फिल्डमा गई हेर्नुपर्ने भएमा सो को अगावै अनुसूची १ बमोजिमको फिल्ड आदेश स्वीकृत गराई जानुपर्नेछ ।

४. समूहीकृत मूल्याँकन गर्नुपर्ने

(१) एक दिन भन्दा बढी अवधिको लागि दफा ३ बमोजिमको फिल्ड आदेश स्वीकृत गराउँदा ठाउँ, भेग पायक मिल्ने आधारमा कम्तीमा तीनवटा योजनाका लागि दफा ३ मा उल्लिखित काममध्ये कुनै एक काम एकैपटक हुन सक्ने गरी समूहीकृत गरी बनाई पेश गर्नुपर्नेछ।

(२) उपदफा १ बमोजिम एक भन्दा बढी दिनका लागि कर्मचारी खटिनुपर्ने भएमा कम्तीमा स्वीकृत दिन बराबरको योजना संख्यामा कामकाज गर्नुपर्नेछ।

५. प्रतिवेदन पेश गर्नुपर्ने

(१) दफा ३ मा उल्लेखित मध्ये जुन योजनाका लागि जुन काममा खटीई गएको हो सो कामको नियमानुसारको प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन स्वीकृत भैसकेपश्चात मात्रै अनुसूची २ बमोजिमको फिल्ड बिल भरी पेश गर्न सकिनेछ।

६. योजनागत फिल्ड भ्रमण फाँटवारी तयार गर्नुपर्ने

(१) प्राविधिक कर्मचारीले अघिल्लो महिनामा कम्तीमा एकपटक फिल्ड आदेश स्वीकृत गराएको योजनाको अर्को महिनाको सात गते भित्र अनुसूची ३ को ढाँचामा मासिक फिल्ड भ्रमण फाँटवारी तयार गर्नुपर्नेछ।

(४) एक योजनाका लागि, सबै चरणमा गरी अधिकतम ३ दिन भन्दा बढीको फिल्ड आदेश स्वीकृत गर्नका लागि पेश गर्नुहुँदैन।

अजमल अख्तर अजाद
अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका

७. असुलउपर गरिने

यस कार्यविधी विपरीत बढी फिल्ड सुविधा उपभोग गरेको वा दफा ५ बमोजिमको समयमा प्रतिवेदन पेश नगरेको वा यस कार्यविधी बमोजिमको प्रक्रिया पुरा नगरेको ठहरेमा त्यस्तो भुक्तानी लिने कर्मचारीबाट बढी ठहर भए बराबरको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

८. फिल्ड सुविधा

(१) दफा ५ बमोजिमको प्रतिवेदन स्वीकृत भैसकेपछि अधिकृतस्तरको कर्मचारीको हकमा प्रति महिना १५ दिन भन्दा वढी फिल्डमा खटिए वापत अधिकृत स्तरको कर्मचारीको हकमा मासिक रु. दश हजार, सहायक स्तरको कर्मचारीको हकमा रु. सात हजार पाँच सय रुपैया फिल्ड भत्ता उपलब्ध गराईनेछ।

(२)वडा कार्यालयमा समेत काम गर्ने गरी जिम्मेवारी तोकीएका प्राविधिक कर्मचारीको हकमा वडाको केन्द्र रहेको साविकको वडामा सञ्चालित योजनाको हकमा यस कार्यविधी बमोजिमको फिल्ड भत्ता उपलब्ध गराईने छैन ।

(३) प्राविधिक कर्मचारीले आफूले महिनाभरमा काम गरेको प्राविधिक प्रतिवेदन तथा यस कार्यविधी बमोजिम तयार गरी पेश गर्नुपर्ने कार्यविधिहरु अनुसूची १,२,३ को निर्दिष्ट ढाँचामा भरी अर्को महिनाको सात गते भित्र पेश गरेपछि मात्रै भुक्तानी दिन सकिनेछ।

९. अनुगमन समितिका पदाधिकारी र अप्राविधिक कर्मचारीले पनि फिल्ड सुविधा पाउने

(१) यस कार्यालयबाट संचालित योजना तथा निर्माण कार्यको अनुमगन निरीक्षण कार्यमा खटिने अप्राविधिक कर्मचारीले अनुसुची १ बमोजिमको फिल्ड आदेश स्विकृत गराइ अनुगमन निरीक्षण कार्यमा खटिनु पर्नेछ ।

(२) अनुगमन निरीक्षण कार्यमा खटिने कार्यपालिकाबाट गठित अनुगमन समितिका पदाधिकारीहरुले अनुगमन प्रतिवेदन पेश गरी सकेपछि प्रति पदाधिकारी दैनिक रु सात सय पचासको दरले अनुगमन भत्ता उपलब्ध हुनेछ ।

(३) अनुगमन निरीक्षण कार्यमा खटिई प्रतिवेदन पेश गरी सकेपछि अधिकृत स्तरको अप्राविधिक कर्मचारीले प्रतिदिनको दैनिक पाँच सय र सहायक स्तरको कर्मचारीले प्रति दिनको रु. चार सयका दरले अनुगमन भत्ता पाउनेछन ।



अजमल अख्तिर अजमद
अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका

## परिच्छेद– ३

१०. असल नियतले गरेका काम बचाऊ

यस कार्यविधी बमोजिम योजना सम्पन्न गर्दा असल नियतले गरेका कामको सम्बन्धमा प्राविधिक कर्मचारीउपर कुनै कारवाही हुने छैन ।

११. प्रचलित कानुन बमोजिम हुने

(क) यस कार्यविधीमा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुर्याएको मानिने छैन ।

१२. बाधा अड्काउ हटाउने अधिकार

यस कार्यविधीको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन भोक्राहा नरसिंह गाउँपालिकाको राजपत्रमा आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधिमा परे सरह मानिने छ ।

१३. संशोधन

यस कार्यविधीमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँकार्यपालिकाको हुनेछ ।

अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका

अनुसूची १

(दफा ३ सँग सम्बन्धित)

भोक्राहा नरसिंह गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चिरौली, सुनसरी

**फिल्ड आदेश**

संख्याः-

मितिः-

१. फिल्ड भ्रमण गर्ने कर्मचारीको नामः-

२. पदः-

३. कार्यालयः-

४. फिल्ड जाने वडा नं.:-

५. फिल्ड जाने योजनाको नामः-

६. फिल्ड जाने अवधिः-

७. भ्रमण गर्ने साधनः-

८. भ्रमणको निमित्त माग गरेको पेश्की खर्चः-

९. भ्रमण सम्बन्धी अन्य आवश्यक कुराः-

....................

भ्रमण स्वीकृत गर्ने पदाधिकारी

मितिः-

(राजस्व तथा आर्थिक प्रशासन शाखाको प्रयोजनका लागि)

भ्रमण खर्च

बजेट नं. ............................ बाट नगद/चेक

नं....................... रु............................ अक्षेरुप.................................................

....................................................... दिइएको छ ।

बुझिलिनेको सही ................................

नाम,थरः-

..................................

मितिः-(आर्थिक प्रशासन शाखा)

मितिः-

अजमल अख्तर अजमद

अध्यक्ष

भोक्राहा नरसिंह गाउँपालिका

अनुसूची २
(दफा ५ को उपदफा २ सँग सम्बन्धित)
भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिरौली ,सुनसरी

विषय फिल्ड भत्ता वापतको रकम भुक्तानी पाउँ ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
भोक्राहा नरसिंह गाउँपालिकाको कार्यालय सुनसरी ।

प्रस्तुत विषयमा यस कार्यालयको यसै साथ संलग्न स्विकृत फिल्ड आदेश बमोजिम फिल्डमा खटिई देहाय बमोजिमको काम सम्पन्न गरी प्राविधिक प्रतिवेदन पेश गरीसकेकोले नियमानुसार प्राप्त हुने फिल्ड भत्ता भुक्तानी गरी दिन हुन अनुरोध छ ।
देहाय

| क्रसं | मिति | योजनाको नाम | वडा नं | फिल्डमा गरेको काम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

निवेदक
नाम :
पद :
हस्ताक्षर :
मिति :

अजमल अख्तर अजमद
अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका

अनुसूची ३

दफा६ को उपदफा १ संग सम्बन्धित)

श्री भोक्राहा नरसिंह गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय।

मासिक फिल्ड भ्रमण फाँटवारी।

मिति ............ साल .............. महिनामा यस गाउँपालिका अन्तरगतका निम्न वडाका योजनाहरुमा निम्नानुसारको फिल्ड भ्रमण गरीएको व्यहोरा अनुरोध छ।

| सि.नं. | फिल्ड भ्रमण गरिएको वडा नं र ठाउँ | योजनाको नाम | मिति | उद्देश्य | प्रतिवेदन पेश गरे/नगरेको | उपभोक्ता समितिका अध्यक्ष/सचिव/कोषाध्यक्षको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

पेश गर्ने :- यस फाँटवारीमा उल्लिखित तथ्यहरु सम्बन्धित प्रतिवेदन/फिल्ड आदेशसंग भिडाई पेश गरेको छु। अन्यथा ठहरे सहुँला/बुझाउँला।

नामथरः

दर्जाः

हस्ताक्षरः

सदर गर्ने

अजमल अख्तर अजमद
अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका